हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY




वर्ष : ०२ अंक : १५६ पृष्ठ : ४ २०७८ माघ २९ गते शनिबार (Saturday 12 Feb. 2022) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

# पूरा तलब नपाएको भन्दै १२ दिनदेखि गाउँपालिकामा धर्ना




लहान। सिराहाको लक्ष्मीपतारी गाउँपालिकाका सामुदायिक विद्यालयमा कार्यरत बालविकास केन्द्रका सहजकर्ता, कर्मचारी र कार्यालय सहयोगीले संघीय सरकारले घोषणा गरेअनुसारको तलब माग्दै १२ दिनदेखि गाउँपालिकाको मूलढोकामा धर्ना दिएका छन्। गाउँपालिकाअन्तर्गत रहेका सात माविसहित १७ सामुदायिक विद्यालयमा कार्यरत ५१ जना बालविकास सहजकर्ता, कर्मचारी तथा कार्यालय सहयोगीले मासिक १५ हजार रुपैयाँ तलब माग्दै १६ माघदेखि धर्ना दिएका हुन्। धर्ना दिएको डेढ हप्ता बिते पनि गाउँपालिकाले बेवास्ता गरेको आधारभूत विद्यालय धन्छवारका कर्मचारी रामकुमार यादवले गुनासो गरे।

गाउँपालिकास्तरीय बालविकास शिक्षक, विद्यालय कर्मचारी संयुक्त संघर्ष समितिका अध्यक्षसमेत रहेका यादवले संघीय सरकारको आर्थिक वर्ष ०७८/७९ को बजेटअनुसार संघले आठ हजार र सम्बन्धित स्थानीय तहले सात हजार रुपैयाँ गरी मासिक १५ हजार रुपैयाँ दिइने भनिए पनि आफूहरूले त्यति रकम नपाएको बताए। 'गाउँपालिकाले बजेट छैन भन्दै चालू आवको साउनदेखि पुससम्म दुई त्रैमासिकमा १० हजार पाँच सय रुपैयाँका दरले तलब निकासा गरेको छ। बाँकी रहेको चार हजार पाँच सय रुपैयाँ पनि दिइनुपर्ने मागसहित ज्ञापनपत्रसमेत दियौँ, तालबन्दी गर्‍यौँ, तर गाउँपालिकाले सुनुवाइ गरेको छैन,' उनले भने।

दुई त्रैमासिकसम्म गाउँपालिका क्षेत्रका सामुदायिक विद्यालयका बालविकास सहजकर्ता, कर्मचारी र कार्यालय सहयोगीको बाँकी रहेको चार हजार पाँच सय रुपैयाँ निकासा नदिएसम्म धर्ना नरोकिने गाउँपालिकास्तरीय बालविकास शिक्षक एकाइ समितिकी अध्यक्ष देवरैनकुमारी साहले बताइन्। 'हरेक श्रमिकको श्रम ऐन र नियमावलीले तोकेको न्यूनतम पारिश्रमिक मासिक १५ हजार रुपैयाँ हो,' उनले भनिन्, 'त्यो पनि पूरा रकम नपाउँदा समस्यामा छौँ।'

गाउँपालिका अन्तर्गत पर्ने ६ वटा वडा क्षेत्रमा रहेका १७ वटा सामुदायिक विद्यालयमा कार्यरत ३१ जना बालविकास सहजकर्ता,

–बाँकी दुई पेजमा

# शितलर पीडितलाई न्यानो ओढ्यान र ओड्ना



सिरहा, २८ माघ। सिरहाका शितलहर पीडितलाई गरिव, विपन्न तथा दलित परिवारलाई न्यानो ओछ्यान र ओड्ना सहितका सरसफाई सामाग्री वितरण गरेको छ। सिरहाको गोलबजार नपा १० धर्मपुरका ४० घरपरिवार सदाय सहित ७९ गरिव तथा विपन्न परिवारलाई गोरखा वेल फेयर ट्रष्ट, धरानले डसना, ब्लांकेट, जोनसोन बेवी किट, माक्स, साबुन लगायतका सामाग्रि हस्ता वितरण गरिएको हो।

प्राकृतिक प्रकोप राहत कार्यक्रम अन्तर्गत यहाँका गरिव विपन्न तथा दलित समुदायका ७९ घर परिवारलाई ५ लाख मूल्य बराबरको राहत सामाग्री हस्तान्तरण गरिएको ट्रष्टका पूर्वाञ्चल प्रमुख पूर्ण प्रसाद लिम्बुले जानकारी दिए। प्रत्यक परिवारलाई दुई वटा ओछ्याउने डसना र दुईवटा ओड्ने ब्लाङ्केट प्रदान गरेका थिए। हस्तान्तण कार्यक्रममा वडा अध्यक्ष देवनारण महतोले संस्थालाई धन्यवाद ज्ञापन गरे।



# दलहरूलाई निल्नु न ओकल्नु बन्यो एमसीसी, गठबन्धन फुटको दिशामा

**खिलनाथ ताजपुरिया**

काठमाडौं । अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन नेपालका प्रमुख राजनीतिक दलहरूलाई निल्नु न ओकल्नु भएको छ। हिजो मात्रै अमेरिकाले एमसीसी सम्झौता पारित गरी कार्यान्वयन नगरे नेपालसँगको सम्बन्ध नै पुनर्विचार गर्ने चेतावनी तीन प्रमुख दलका शीर्ष नेतालाई दिएको छ। अमेरिकाको दबावपछि नेपालको अहिलेको राजनीतिक समीकरणमा नै फेरबदल आउनसक्ने सम्भावना देखिएको छ।

मध्य एशिया र दक्षिण एशिया हेर्ने अमेरिकी सहायक विदेशमन्त्री डोनल्ड लुले बिहिबार प्रधानमन्त्री शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई छुट्टाछुट्टै फोन गरी एमसीसी सम्झौता संसदबाट पारित नभए दुई देशको सम्बन्धमा पुनर्विचार गर्न बाध्य हुने चेतावनी दिनुभयो।

लुले सम्झौता संसदबाट पारित नभए चीनको हस्तक्षेपको रूपमा बुझ्ने उल्लेख गर्नुभयो। यो टेलिफोनले दलहरूबीच खैलाबैला मच्चिएको छ। आगामी फागुन १६ भित्र सम्झौता संसदबाट पारित गर्नुपर्ने दबावमा रहनुभएका प्रधानमन्त्री देउवा सत्ता घटक दलहरूलाई सहमतिमा ल्याउन अनेकौं प्रयासमा जुटे पनि परिणाम शून्य छ। देउवा अन्य दलहरूसँग परामर्शमा जुटिरहनुभएको बेला सत्ता घटक नेकपा एकीकृत समाजवादीको जनवर्गीय संगठनहरूले एमसीसीको विरोधमा देशव्यापी प्रदर्शन गर्ने बताइसकेका छन्। प्रधानमन्त्री देउवालाई नेकपा एकीकृत समाजवादीले एमसीसीविना देश नै चल्न नसक्ने हो भन्दै प्रश्न तेर्स्याएको छ। कुनै पनि देशको सार्वभौमता र स्वतन्त्रतामाथि विकासे आयोजनाको नाममा खेलबाड गर्न नपाइने एकीकृत समाजवादीकी नेतृ निरादेवी जैरु बताउनुहुन्छ।

सत्ता साझेदार दलहरू एमसीसीका केही बुँदा आपत्तिजनक रहेको निष्कर्ष मात्र निकालेका छैनन् उनीहरू विना संशोधन पास गर्न नहुने अडानमा यथावत छन्। तत्कालिन नेकपा सरकारमा झलनाथ खनालको संयोजकत्वमा बनेको समितिले बुझाएको सुझावपत्र सार्वजनिक गर्नुपर्ने उनीहरूको माग छ।

एमसीसी संसदमा टेबुल गर्न सत्ता साझेदार दलहरूकै साथ नपाउँदा गठबन्धन धरापमा पर्न सक्ने चर्चा पनि चुलिएकै छ। तर सो कुरालाई नेकपा एकीकृत समाजवादी मान्न तयार छैन। 'गठबन्धन फुट्छ भनेर मलाई कति पनि चिन्ता लागेको छैन,' नेतृ जैरु भन्नुहुन्छ, '२०७४ को स्थानीय निर्वाचनमा कांग्रेस र माओवादीको गठबन्धन भएको थियो भने प्रदेश र संघको निर्वाचनमा एमाले र माओवादीको गठबन्धन भएको थियो, त्यसैले यो ठूलो विषय नै होइन।' त्यसो त लामो समयदेखि संसद अवरोध गर्दै आएको प्रतिपक्ष एमाले सभामुखलाई महाअभियोग लगाए साथ दिनसक्ने बताए पनि त्यो सम्भावना क्षीण छ। तत्कालिन ओली नेतृत्वको सरकारले दुई पटक संसद विघटन गर्दा संविधान, राष्ट्रियता र सार्वभौमसत्ताको रक्षाका निम्ति भन्दै बनेको गठबन्धन यतिबेला एमसीसीकै कारण कतै भताभुङ्ग त हुने होइन भन्ने प्रश्न उब्जिएको छ।

# सर्लाहीमा महिलाको जनसंख्या घट्दो, लिङ्ग पहिचान गर्दै भ्रुण हत्या

सर्लाही। नेपालमा पुरुषभन्दा महिलाको जनसंख्या बढेको भएपनि सर्लाहीमा महिलाको जनसंख्या घटेको छ। केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको प्रारम्भिक नतिजा अनुसार सर्लाहीमा पुरुषभन्दा महिलाको जनसंख्या घटेको हो। प्रारम्भिक नतिजा अनुसार सर्लाहीमा पुरुषभन्दा महिलाको जनसंख्या नौ हजार ४०४ ले घटी हो। सर्लाहीको कुल जनसंख्या आठ लाख ५७ हजार ३६० मध्ये पुरुष चार लाख ३३ हजार ३८२ र महिला चार लाख २३ हजार ९७८ रहेको छ।

सर्लाहीको २० स्थानीय तहको जनसंख्याको नतिजा समुदाय स्तरमा पनि फरक पाइएको छ। सर्लाहीमा पहाडी समुदायको बाहुल्यता रहेको बाग्मती, हरिवन, लालबन्दी र ईश्वरपुर नगरपालिकामा पुरुषभन्दा महिलाको जनसंख्या बढी रहेको छ भने मधेशी समुदायको बाहुल्यता रहेको पालिकाहरुमा पुरुषभन्दा महिलाको जनसंख्या घटेको पाइएको छ।

विंस २०६८ को जनगणना अनुसार सर्लाहीको जनसंख्या सात लाख ६९ हजार ७२९ रहेको थियो। तीमध्ये पुरुषको जनसंख्या तीन लाख ८९ हजार ७५६ अर्थात ५१ प्रतिशत र महिलाको जनसंख्या ३ लाख ७९ हजार ९७३ अर्थात ४९ प्रतिशत रहेको थियो। छोरीभन्दा छोराको बढी चाहना र दाइजो प्रथालगायतका कारण यहाँ महिलाको जनसंख्या घट्दै गएको संघीय जनसंख्या कोष सर्लाहीका जिल्ला संयोजक बच्चालाल महतोले बताए। विशेषगरी मध्यम वर्गका व्यक्तिहरुले गैर कानुनी रुपमा लिङ्गको पहिचान गरी गर्भपतन गराउने गरेका कारण सर्लाहीमा महिलाको जनसंख्या घट्दै गएको उनको भनाइ छ।

'विपन्न तथा गरिब परिवारलाई आर्थिक समस्या छ, फलस्वरुप उनीहरु भिडियो एक्सरे गराउन जादैन तर मध्यमवर्गका व्यक्तिहरुले लिङ्गको पहिचान गरी गर्भमा छोरी छ भने त्यसलाई गर्भपतन गराउने गरेको देखिन्छ', उनले भने, 'यहाँ गैरकानुनी रुपमा लिङ्ग पहिचान गर्ने र मेरी स्टोपजस्ता नेपाल सरकारको मान्यता प्राप्त स्वास्थ्य संस्थामा बैध तथा निजी स्वास्थ्य संस्थामा अवैध रुपमा गर्भपतन गर्ने गरिएको छ। पछिल्लो समय लिङ्ग पहिचान गरी भ्रूण हत्या गर्ने चलन यहाँ बढेको पाइन्छ। यसले छोराछोरीमा भेदभाव त भएकै छ, महिलाको स्वास्थ्यमा पनि गम्भीर समस्या देखिने गरेको उनको भनाइ छ। उनले पुरुषहरु काम विशेषले घर बाहिर गएका कारण कतिपयको जनगणनामा छुटेको पनि हुन सक्छ भन्दै पुरुषको एकिन तथ्याङ्क आएमा जिल्लामा महिलाको जनसंख्या अझै घट्न सक्ने बताए।

महिला र पुरुषको जनसंख्यामा देखिएको असन्तुलनको परिणाम पनि सर्लाहीमा देखिन थालेको महिला मानव रक्षक सञ्जाल सर्लाहीकी अध्यक्ष रम्भा झाले बताइन्। लिङ्गको पहिचान गरी भ्रूण हत्या, दहेज प्रथा र घरेलु हिंसालगायतका कारण सर्लाहीमा महिलाको जनसंख्या घट्दै गएको उनको भनाइ छ। छोरीलाई पढाउनुका सट्टा विवाहका लागि दहेज दिनुपर्ने गलत सोचाईका कारण छोरीलाई गर्भमै हत्या गरिँदै आएको पनि उनले बताइन्। 'लिङ्गका आधारमा बढी गर्भपतन हुन थालेका छन्', उनले भनिन्, 'सुरक्षित गर्भपतनको अधिकार दुरुपयोग भएको छ। यसको प्रभावकारी अनुगमन हुनुपर्छ।'

उनका अनुसार केही निजी अस्पतालका स्वास्थ्यकर्मीले लिङ्ग पहिचानलाई पैसा कमाउने धन्दा बनाएका छन्। नाम चलेका अल्ट्रासाउन्ड ( भिडियो एक्सरे) गर्नेले बढी पैसा लिएर लिङ्ग पहिचान गरिदिन्छन्। 'निजी स्वास्थ्य संस्थामा बढी गर्भपतन हुने गरेका छन्', उनले भनिन्, 'लिङ्गका आधारमा गर्भपतन गरिँदा सर्लाहीमा २० वर्षमुनिका जनसंख्यामा पुरुषको दर बढ्दै गएको छ। लिङ्ग पहिचान गरी भ्रूण हत्या गर्नु गैरकानुनी हो भन्दै उनले कोही भारत गएर गर्भपतन गरेर फर्किने गरेको बताइन्। छोराछोरी बराबरी व्यवहारमा नभएसम्म यस्तो गैरकानुनी धन्दा चलिरहने उनको भनाइ छ।

पहिलोपटक छोरी भएमा छोराको चाहनामा लिङ्ग पहिचान गर्ने चलन बढेको हो। पितृसत्तात्मक सोचले यस्तो भएको र वर्षमा ४/५ पटकसम्म तथा शिक्षित, धनाढ्य परिवारबाट पनि उल्लेख्य मात्रामा गर्भपतन गराउने गरेको पाइएको सर्लाही बहरथवा-१६ निवासी कैलास कुट क्याम्पस काठमाडौंका उपप्रध्यापक सविन खनालले बताए। 'मधेसी समुदायमा सकेसम्म छोराको नै जन्म होस् भन्ने चाहना पनि हुन्छ। त्यसकारण पनि छोरी भए भ्रुण हत्या हुने गरेको देखिन्छ', उनले भने।

जिल्ला जनस्वास्थ्य कार्यालयमा १२ हप्तासम्मको गर्भपतन गराएकाको मात्रै तथ्याङ्क हुन्छ। तर त्योभन्दा बढी समयको पनि गर्भपतन हुने गरेको छ। नौ हप्तासम्मको गर्भ औषधि र १२ हप्ताको औजारबाट फालिन्छ। जथाभावी गरिने गर्भपतनले प्रजनन स्वास्थ्यमा पार्ने गम्भीर असरबारे चेतना जगाउनु आवश्यक रहेको चिकित्सकहरुको भनाइ छ। छोरी जन्मनै नपाउने अवस्थाको सिर्जना हुँदै गएको छ। यसले भविष्यमा सामाजिक, आर्थिक र लैङ्गिक बिचलन आउन सक्ने उनीहरुको भनाइ छ।




## पूरा तलब...

तीन लेखापाल र १७ जना कार्यालय सहयोगीको पूरा तलब दिन गाउँपालिकाले आनाकानी गरिरहेको समितिकी सचिव चन्दाकुमारी रायले गुनासो गरिन। 'जिल्लाका अन्य स्थानीय तहले बालविकास केन्द्रका सहजकर्ता शिक्षकलाई संघीय सरकारले घोषणा गरेबमोजिम तलब खुवाइसकेका छन्, तर लक्ष्मीपतारी गाउँपालिका क्षेत्रका बालविकास शिक्षकहरू भने १० हजार पाँच सय रुपैयाँमै खटिन बाध्य छौं।'

चालू आवको बजेटमा शिक्षा विभागबाट शिक्षा विकास तथा समन्वय एकाइमार्फत प्रतिबालविकास शिक्षक मासिक आठ हजार र कम्तीमा सात हजार रुपैयाँ सम्बन्धित स्थानीय तहले तलब सुविधा उपलब्ध गराउनुपर्ने भनिए पनि गाउँपालिकाले बजेट छैन भन्दै गत १० असारमा सम्पन्न पाँचौं गाउँसभाको निर्णयअनुसार मासिक दुई हजार पाँच सय रुपैयाँ मात्र थपेको समितिकी कोषाध्यक्ष चन्दाकुमारी मण्डलले बताइन्।

# झण्डा पार्कमा टिकटक बनाउनेको ओइरो

**राजेश विद्रोही**




सिरहा। यतिबेला लहान बजारको झण्डा पार्क निकै चर्चामा छ। दिनभर फोटो खिचाउन र टिकटक बनाउन युवायुवतीहरूको ठूलै भीड हुन्छ। लहान वरपरका स्थानीय र गाउँ देहातबाट पढ्न आउने युवाहरूको लागि रमणीय ठाउँ भएको छ झण्डा पार्क। पार्कमा खासै त्यस्तो केही रोचक कुरा छैन। ५० वटा नेपाली झण्डा फहराइएको छ तर मानिसहरु गाडी रिजर्भ गरेर समेत झण्डा पार्क हेर्न ओइरिन्छन्।

अहिले चर्चामा रहेको झण्डा पार्क लहान नगरपालिकाले सार्वजनिक जग्गा संरक्षण गर्ने हिसाबले तारबार मात्र गरेको हो। तर फोहोरमा कमलको फुल उम्रे जस्तो भएको छ यतिबेला लहानको झण्डा पार्क। फोटो खिचाउन र टिकटक बनाउनेहरुको बिहानदेखि बेलुकासम्म भीड हुन्छ। लहान बजार क्षेत्रमा फुर्सदको समय बिताउने खुल्ला ठाउँ नभएर पनि यो झण्डा पार्क यतिबेला सबैको लागि आकर्षणको केन्द्र बनेको छ।

लहान नगरपालिका-५, बालुवाटेल छेउको खुट्टी खोलामा पर्ने झण्डा पार्क रहेको स्थान एक समय निकै बदनाम थियो। अहिले पनि गाँजा, भाङ, धतुरो दुर्व्यसन गर्ने ठाउँको रूपमा चिनिन्छ। दुर्व्यसनी युवाबाट चोरी लगायतका घटना फाट्टफुट्ट हुने गरेको छ। लहानमा चोरीको कुनै घटना भए स्थानीयको पहिलो नजर यहीँ बालुवा टोलतिरै पुग्छ। लहानका मेयर मुनि साहको घर पनि यही हो। अहिले झण्डा पार्कका कारण यो गाउँठाउँ विस्तारै बदनाम हुनबाट माथि उठ्न थालेको छ।

अहिले रहेको झण्डा पार्क यसअघि निकै दुर्गन्धित थियो। घर घरमा शौचालय भएर पनि बालुवाटेल वरपरका स्थानीय खुला शौच गर्न भने छोडेको छैनन्। बालुवाटेलमा अधिकांश दलित, भूमिहीन सुकुम्बासीहरुको बसोबास छ। गरिबीको कारण उनीहरू शिक्षा दीक्षालाई भन्दा रोजगारलाई बढी प्राथमिकता दिन्छन्। यहाँको मुख्य पेशा नजिकै रहेको खुट्टी खोलामा बालुवा गिट्टी चालेर जीवन निर्वाह गर्नु हो। गिट्टी बालुवा उत्खनन बन्द भएपछि उनीहरूको रोजगार खोसिएको छ।

लहान बजार मधेस आन्दोलनदेखि विभिन्न आन्दोलनको जग पनि हो। तर यहाँको विकास निर्माण र संस्कार संस्कृतिमा आंशिक मात्र परिवर्तन भएको छ। लहान नगरपालिकामा सलहेश फुलवारी, मानिक दह, पोखडिया गढ, हात्ती दह, देवीथान लगायतका थुप्रै धार्मिक स्थल छन्, जसलाई पर्यटकीय हिसाबले संरक्षण र विकास गरे स्थानीय सरकारको लागि आम्दानीको ठूलो श्रोत हुन सक्छ।

# मधेश सरकार साइकलपछि अब छोरीहरुलाई ल्यापटप वितरण गर्ने



धनुषा। मधेस प्रदेश सरकारको 'बेटी पढाऊ, बेटी बचाऊ' अभियानअन्तर्गत अब ल्यापटक वितरण गर्ने भएको छ। छोरीलाई बाँडेको साइकल खरिदमा व्यापक भ्रष्टचार भएको भन्दै अख्तियारले मुख्यमन्त्री कार्यालयमा छापामारी गरेपछि बेटी पढाऊ, बेटी बचाऊ अभियान बन्द रहेको छ। भने छोरी शिक्षा बिमा २ वर्षदेखि बन्द छ। सो कार्यक्रम व्यापक बदनाम भएपछि समाजिक विकास मन्त्रालयमा समायोजन गरिएको छ।

अब सामाजिक विकास मन्त्रालयले पुनः सञ्चालन गर्न लागेको बेटी पढाउ, बेटी बचाउ कार्यक्रम अन्तर्गत प्रदेशका छोरीहरूलाई ल्यापटप दिइने तयारी गरेको छ। मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ अभियान कार्यक्रम सञ्चालन कार्यविधि २०७८ बनाएको छ। जसअनुसार कक्षा ११ मा अध्ययनरत जेहेन्दार छात्रालाई ल्यापटप दिइनेछ।

कार्यविधिअनुसार एसईईमा ३.२ भन्दा माथि जिपिए ल्याउने छात्रामध्येबाट उच्च जिपिए ल्याउने छात्रालाई वितरण गरिनेछ। ल्यापटप वितरणसम्बन्धी अन्य व्यवस्था निर्देशक समितिले निर्णय गरेबमोजिम हुने कार्यविधिमा उल्लेख छ। तर, कक्षा ११ अध्ययन निरन्तर नगरे, कक्षामा ७० प्रतिशतभन्दा कम हाजिरी रेकर्ड रहे अथवा सामुदायिक विद्यालयमा नाम दर्ता गराई निजी विद्यालयमा अध्ययनरत पाइएमा त्यस्ता छात्रालाई ल्यापटप नदिइने कार्यविधिमा उल्लेख छ।

त्यस्तै, लामो समयदेखि बन्द रहेको छोरी शिक्षा बिमा कार्यक्रम पुनः सुरु भएको छ। ०७८ माघ १ गतेदेखि जन्मिएका छोरीहरुको बिमा पुनः सुरु भएको छ। प्रदेश सरकारले प्रदेशमा जन्मिने छोरीहरूको ३ लाखको बिमा गर्दै आएको छ। तर, बिमित रकम प्राप्त गर्नका लागि छोरी २० वर्ष पूरा गरेको र एसईई पूरा गरेपछि मात्र निर्देशनालयको सिफारिस र अन्य आवश्यक कागजात प्राप्त भएपछि खातामा जम्मा भएको रकम नियमानुसार प्राप्त हुने ब्याज, बोनससहित सेवाप्रदायकले बिमित मुद्दति बचतकर्तालाई भुक्तानी गर्नेछ।कार्यविधिअनुसार २० वर्ष नपुगी अथवा एसईई उत्तीर्ण नगरेकी छोरीको बिमित रकम बेटी पढाऊ, बटी बचाऊ अभियानमा जानेछ। यसअघिको मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ निर्देशिका ०७७ र छोरी शिक्षा/मुद्दति कार्यक्रम सञ्चालन निर्देशिका २०७५ भने खारेज गरिएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६३०१५ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |
| पञ्चदेवी टेक्निकल ईन्टिच्युट लहान | ०३३-५६५४६८<br>९८१६७३७३३१ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# आर्थिक सामाजिक र साँस्कृतिक रुपमा उत्थान गर्न जरुरी हुन्छ : मन्त्री श्रेष्ठ



सिरहा। भूमि व्यवस्था, सहकारी तथा गरिवि निवारण मन्त्री शाशि श्रेष्ठ सरकार हरुवा चरुवा तथा कमैया मजदुरहरुलाई सोरोजगार बनाउने कार्यमा लागि परेको बताए। सिरहाको बडियारपट्टी गाउँ पालिका ३ सदाय बस्तिमा पुगेर हरुवा चरुवा समस्या समाधान गर्न र उनीहरुलाई स्वरोजगार बनाउन मन्त्रालयले विभिन्न कार्यक्रमहरु ल्याउन लागेको बताए।

उनले आफूले गरिखाने बर्गको समस्या नजिकबाट बुझेको भन्दै यसलाई दिगो समाधानको लागि अध्ययन समिति गठन गरेर काम थालेको बताए। उनले भने, 'मैले धेरै सयम यस्तै गरिखाने वर्गकै धिकारको लागि काम गरें, त्यसैलेपनि मलाई केही समस्याहरु थाहा छ। समाधानको लागि पनि मन्त्रालय तत्पर रहेको बताए।

विगतका सरकारले कमैया कमलरी मुक्तीको घोषणा गरेको भएपनि त्यो दिगो र समाधान मुखि नरहेको भन्दै, अव यहि अवस्थामा तपाईहरुलाई छोड्न नसकिने मन्त्री श्रेष्ठले बताए। उनले भने, 'कुनै कालखण्डमा पछाडी पारिएको बर्ग समुदायलाई यही अवस्थामा सधैं छोड्न हुन्न। उनीहरुको आर्थिक सामाजिक र साँस्कृतिक रुपमा उत्थान गर्न जरुरी हुन्छ।'

सोही क्रममा हरवाहा–चरवाहाको समस्या अध्ययन समितिलाई उनीहरुको समस्या जस्ताको तस्तै ल्याउन निर्देशन दिए। उनले 'उहाँहरुको मुखबाटै सुन्नुस र जस्ताको तस्तै ल्याउनुहोला, त्यसपछि बुझेर समाधान गर्ने दिशामा जानु पर्छ।' सो क्रममा हरवाहा चरवाह अध्ययन समितिका संयोजक श्याम श्रेष्ठ, गणेश विक सहितका व्यक्तिहरुको उपस्थिति रहेको थियो।


## नगरबासीमा अनुरोध

- तातो झोलियो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मसाज गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टि खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

अनुरोधकर्ता
**लहान नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश (नेपाल)



## निःशुल्क 4G सिम वितरण
घरदैलो कार्यक्रम

### सुविधाहरु

१. यस सिममा रु १० ब्यालेन्स, ६० MB डाटा, ४० मिनेट भ्वाइस र २० वटा SMS को सुविधा रहेको।

Rs १० MAIN BALANCE | ६० MB DATA | ४० Mins VOICE CALLS | २० SMS MESSAGES

२. सिम एक्टिभ भएको मितिले ६ महिना सम्म हरेक दिन १० मिनेट (नेपाल टेलिकम नेटवर्क भित्र) सितैमा कुराकानी गर्ने सुविधा रहेको।

३. एक वर्ष सम्म गरिने रिचार्जमा पाईने बोनसहरु:

| क्र.नं. | रिचार्ज रकम | बोनस | समयावधि |
|---|---|---|---|
| १. | रु.५० देखि रु ९९ सम्म | १०० मिनेट NT नेटवर्क भित्र + २० मिनेट NT नेटवर्क बाहिर | ३ दिन |
| २. | रु.१०० वा सो भन्दा माथि | ३०० मिनेट NT नेटवर्क भित्र + ३० मिनेट NT नेटवर्क बाहिर | ३ दिन |

४. विशेष प्याकेज खरिद गर्नका लागि *१४१७# डायल गर्नुहोस् ।
नियमित अफरका लागि *१४१५# डायल गर्नुहोस्।

सिमको पैसा तिर्न नपर्ने।

Download NT APP
twitter.com/ndcl_nt
facebook.com/NepalTelecom.NT
Instagram.com/nepaltelecomofficial
App Store Google play

राष्ट्रको सञ्चार
नेपाल टेलिकम
www.ntc.net.np



## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई–बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा





लहानपोस्ट् दैनिकका लागि **प्रकाशक : भरत जर्घामगर, सम्पादक** : शम्भु कुमार यादव, **सल्लाहकार सम्पादक** : उद्धव हमाल, कानुनी सल्लाहकार : सन्तोष सुवेदी **कम्प्यूटर ले-आउट : महेन्द्र प्र. चौधरी**
**कार्यालय** :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , *e-mail : lahanpost@gmail.com* **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)